# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली २०६२ (सन् २००५)*

## प्रस्तावना

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभालाई सुव्यवस्थित, मर्यादित, नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानअनुरूप नेसनल बोर्डले यो नियमावली बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस नियमावलीको नाम **“एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभा नियमावली, २०६२ (सन् २००५) को छैठौं संशोधन, २०८० (सन् २०२३)”** रहनेछ।

(ख) यो नियमावली साधारणसभाबाट अनुमोदन भएपछि तुरुन्त लागू हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) “एम्नेस्टी नेपाल” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउनेछ।

(ख) “विधान” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानलाई जनाउनेछ।

(ग) “समूह, युथ नेटवर्क, निर्माणाधिन समूह, र निर्माणाधिन युथ नेटवर्क” भन्नाले एम्नेस्टी नेपाल शाखाको विधानबमोजिम आबद्धता प्राप्त गरेका समूह, युथ नेटवर्क, निर्माणाधिन समूह, र निर्माणाधिन युथ नेटवर्कलाई बुझाउनेछ।

(घ) “साधारणसभा” भन्नाले एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारणसभालाई जनाउनेछ।

(ङ) “नेसनल बोर्ड” भन्नाले साधारणसभाबाट निर्वाचित **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को आठौं संशोधन, २०८० (सन्२०२३)** को भाग ४ दफा ११ (१) बमोजिमको नेसनल बोर्डलाई जनाउनेछ।

(च) “नेसनल बोर्ड पदाधिकारी” भन्नाले नेसनल बोर्डका अध्यक्षदेखि सदस्यसम्मलाई जनाउनेछ।

(छ) “अध्यक्ष” भन्नाले नेसनल बोर्डका अध्यक्ष वा निजको अनुपस्थितिमा निजको कार्य सम्पादन गर्ने व्यक्तिलाई बुझाउनेछ।

(ज) “पर्यवेक्षक” भन्नाले एम्नेस्टी नेपालमा आबद्ध निर्माणाधीन समूह, निर्माणाधिन युथ नेटवर्कलाई प्रतिनिधित्व गर्ने सदस्यहरू, प्रेपकम र नोमिनेसन कमिटिका संयोजक र सदस्य तथा नेसनल बोर्डद्वारा पर्यवेक्षकको रूपमा तोकिएका व्यक्तिहरूलाई बुझाउनेछ।

(झ) “प्रतिनिधि” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा १० (४) बमोजिम सदस्यहरूको क्षेत्रीय भेलाबाट चयन भई साधारण सभामा सहभागिता जनाएका सदस्यहरूलाई जनाउने छ जसले एम्नेस्टी नेपालको साधारण सभामा मताधिकारको प्रयोग गर्ने छन्।

---

** ३२औं साधारणसभाद्वारा स्वीकृत।*

(ञ) “निर्वाचन अधिकृत” भन्नाले नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि (प्रेपकम), नोमिनेसन कमिटि र पुनरावेदन समितिको निर्वाचनका लागि नियुक्त निर्वाचन अधिकृतलाई बुझाउनेछ।

(ट) “कर्मचारी” भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा कार्यरत निर्देशक समेतका कर्मचारीहरूलाई बुझाउनेछ।

(ठ) “नोमिनेसन कमिटि” भन्नाले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि तथा पुनरावेदन समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचनका लागि उम्मेदवारीको आह्वान गरी दक्ष, योग्य र संस्थामा विद्यमान सीपको अभाव समेतलाई पूर्ति गर्ने गरी सक्षम र योग्य नेतृत्व चयनका लागि उम्मेदवारीको आवेदन दिएका व्यक्तिहरूको क्षमता र दक्षता मूल्याङ्कन गरी प्राप्त उम्मेदवारीको योग्यता तथा अयोग्ता निर्धारण गर्ने प्रयोजनका लागि एम्नेस्टी नेपाल शाखाको विधानको दफा १२ बमोजिमको कमिटिलाई बुझाउने छ।

(ड) “प्रेपरेटोरी कमिटि” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा १४ बमोजिमको कमिटिलाई जनाउनेछ। यसलाई छोटकरीमा प्रेपकम (PrepCom) पनि भनेर बुझिनेछ।

(ढ) “सदस्यहरूको क्षेत्रीय भेला (Members' Regional Forum)” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा १० मा व्यवस्था गरिएबमोजिमको भेलालाई जनाउनेछ। यसलाई छोटकरीमा क्षेत्रीय भेला (Regional Forum) पनि भनिनेछ।

## परिच्छेद-२
## साधारणसभा

### ३. साधारणसभा र गणपूरक संख्याः

#### ३.१ साधारणसभा

हरेक वर्ष आयोजना गरिने साधारण सभा एम्नेस्टी इन्टरनेसनल नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले नेसनल बोर्ड, नोमिनेसन कमिटि, प्रेपकम र पुनरावेदन समितिको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ।

#### ३.२ गणपूरक संख्या

साधारणसभाको गणपूरक संख्या एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको दफा १० को उपदफा (१) अन्तर्गतका क्षेत्रीय भेलाबाट दफा १० उपदफा (४) बमोजिम निर्धारित भई तोकिएका प्रतिनिधिहरूमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। उल्लिखित गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई साधारण सभाका अध्यक्षले निश्चित समय वा मितिसम्मका लागि सभा स्थगन गर्नेछन्। स्थगित सभालाई साधारणसभाका अध्यक्षले तय गरेको विधि र प्रकृयाबाट पुनः सञ्चालन गरिनेछ।

### ४. (१) साधारणसभाको गठनः

प्रत्येक वर्ष हुने एम्नेस्टी नेपालको साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछः

(क) नेसनल बोर्डका पदाधिकारीहरू,

(ख) पुनरावेदन समितिका पदाधिकारीहरू,

(ग) एम्नेस्टी नेपालमा आबद्ध कूल वैध सदस्य (valid members) सङ्ख्या बराबर १०० जनाको अनुपातमा एम्नेस्टी नेपाल शाखाको विधानको दफा १० (१) बमोजिम निर्धारित प्रत्येक क्षेत्रमा विद्यमान कूल वैध सदस्यहरूको आधारमा हुन आउने सङ्ख्या बराबर एम्नेस्टी इन्टरनेसनल नेपालको क्षेत्रीय भेलाबाट एम्नेस्टी नेपाल शाखाको विधानको दफा १० (४) बमोजिम चयन गरिएका कूल १०० जना प्रतिनिधिहरू।

(घ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,

(ङ) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,
(च) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू
(छ) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू

**(२) मताधिकारः**
उल्लिखित नियम १ (ग) बमोजिम क्षेत्रीय भेलाबाट चयन भई सहभागी हुन आएका प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ।

## ५. विशेष सधारणसभाः

एम्नेस्टी नेपालअन्तर्गतका समूहहरूमध्ये २५ प्रतिशत समूहहरूद्वारा कार्यसमितिको निर्णयसहित विशेष कारण देखाई विशेष साधारणसभाको माग गरी अनुरोध प्राप्त भएमा नेसनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ।

(क) विशेष साधारणसभा जुन कार्यका लागि माग भएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ।
(ख) विशेष साधारणसभाको गठन विधानको दफा ९.५ बमोजिम हुनेछ।
(ग) विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्नु पर्ने छ।

# परिच्छेद-३
# साधारणसभाको संचालन

## ६. साधारणसभाको बैठकः

(क) एम्नेस्टी नेपालको साधारणसभा हरेक वर्ष नेसनल बोर्डले प्रेपकमसँगको परामर्शमा तोकेको स्थान, मिति र समयमा बस्नेछ। भौतिक उपस्थितिमा साधारण सभा आयोजना गर्न कठिन, असंभव वा असहज हुने परिस्थितिमा अनलाइन माध्यमबाट पनि साधारण सभा आयोजना गर्न सकिनेछ।
(ख) साधारणसभाको मिति र स्थानसम्बन्धी जानकारी एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूलाई ७५ दिन अगावै उपलब्ध गराउनुपर्नेछ।

## ७. साधारण सभाको अध्यक्षता र सभा सञ्चालन

(क) साधारणसभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले गर्नेछन्। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्ड सदस्यले गर्नेछन्।
(ख) साधारणसभा सञ्चालन र आदेश (Order) का लागि अध्यक्षता गर्ने व्यक्ति जिम्मेदार हुनेछन्।
(ग) साधारणसभाको प्रतिवेदन तयार गर्न अध्यक्षले तीन जनासम्म प्रतिवेदक (Rapporteurs) नियुक्त गर्न सक्नेछन्।
(घ) बैठकका निर्णयहरू तथा अल्पमतको भावनालाई समेत समेट्ने गरी छलफलमा प्रतिविम्वित भावना तथा छलफलको सन्तुलित निचोडसमेतलाई समेटी प्रतिवेदन तयार गर्नु प्रतिवेदकहरूको कर्तव्य हुनेछ।
(ङ) नेसनल बोर्डको सिफारिसमा साधारण सभाले चार जना गणक (Tellers) नियुक्त गर्नेछ।
(च) गणकको काम साधारणसभामा मतदान हुँदा अध्यक्षलाई र निर्वाचन हुँदा निर्वाचन अधिकृतलाई आवश्यकताअनुसार सहयोग पुर्याउनु हुनेछ।

(छ) बैठक सुचारु रूपले सञ्चालन गर्न अध्यक्षले कसैलाई पनि बोल्नबाट रोक लगाउन उपयुक्त सम्झेमा रोक लगाउन सक्नेछन्।

(ज) बैठकको अवधिमा अध्यक्षले आवश्यक परेको खण्डमा यो नियमावलीको व्याख्याबारे र बैठक सञ्चालन विधिसम्बन्धी विवादित प्रश्नहरूको सम्बन्धमा फैसला (Ruling) गर्न सक्नेछन्।

(झ) अध्यक्षको फैसलाका सम्बन्धमा कुनै विवाद उत्पन्न भए उक्त फैसलालाई तत्काल निर्णयका लागि बैठक समक्ष प्रस्तुत गरिनेछ र बैठकको निर्णयअनुसार नै हुनेछ।

(ञ) अध्यक्षले कुनै पनि समय साधारणसभाको चालू सत्र निश्चित समयको लागि स्थगन गर्न सक्नेछन्।

(ट) अध्यक्षले कुनै पनि समयमा वक्ताहरूको समयावधि सिमित गर्न सक्नेछन्। अध्यक्षले बैठक समक्ष बोल्न चाहने सहभागीहरूको नाम बोल्न शुरु गर्नु अघि नै सूचिकृत गर्नेछन् र अन्य वक्ताहरूको सूची बन्द गर्न शिफारिस गर्न सक्नेछन्। तर यो व्यवस्थाले कुनै पनि सहभागीको प्रतिवेदन प्रस्तुत गर्ने वा प्रस्ताव पेश गर्ने अधिकारलाई खण्डित गर्नेछैन।

(ठ) अध्यक्षले कुनै पनि समय छलफलका विषयहरू (Agenda) को कुनै खास विषयमा समयावधि सीमित गर्ने वा समयावधि समाप्त भएको घोषणा गरी विषयलाई मतदान (Vote) का लागि लैजान वा छलफल बन्द गर्ने प्रस्ताव गर्न सक्नेछन्।

## परिच्छेद-४
## छलफलका विषयहरू

### ८. छलफलका विषयहरू (Agenda)

(क) साधारणसभामा छलफलका लागि कुनै पनि विषय समावेश गर्नको लागि नेसनल बोर्ड वा समूह वा युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूबाट मात्र प्रस्ताव प्रस्तुत गर्न सकिनेछ।

(ख) नेसनल बोर्डका महासचिव र निर्देशकले अध्यक्षसँग परामर्श गरी साधारणसभामा छलफल हुने विषयहरू (Agenda) तयार गरी साधारणसभा शुरु हुनु १५ दिन अगावै एम्नेस्टी नेपालका सम्पूर्ण सदस्य तथा साधारण सभाका प्रतिनिधिहरूलाई पठाउनु पर्नेछ, जसलाई साधारणसभामा पेश गरिनु अगावै नेसनल बोर्डको बैठकबाट अनुमोदन गराउनु पर्नेछ।

(ग) समूह र युथ नेटवर्कका तर्फबाट प्रस्तुत हुने कुनै पनि प्रस्ताव समूहको कार्यसमितिको निर्णयको प्रतिलिपिका साथ विशेष प्रस्तावका रूपमा साधारणसभा शुरु हुनु २१ दिन अगावै राष्ट्रिय सचिवालयमा दर्ता गराउनु पर्नेछ।

(घ) उल्लिखित प्रस्तावहरू साधारणसभाको प्रथम सत्रमै स्वीकृतिका लागि प्रस्तुत गरिनेछ र बैठकको स्वीकृति पश्चात् मात्र ती विषयहरू साधारणसभाको छलफलको विषयमा समावेश भएको मानिनेछ।

(ङ) साधारणसभाबाट स्वीकृत भएमा बाहेक अन्य कुनै पनि विषयका सम्बन्धमा बैठकमा छलफल गरिनेछैन।

(च) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएपनि अत्यन्त जरूरी विषयका सम्बन्धमा बैठकमा छलफल हुन आवश्यक देखिएमा त्यस्तो विषयमा जरूरी प्रस्ताव (Emergency Resolution) का रूपमा साधारणसभा प्रारम्भ हुनुभन्दा १२ घण्टा पहिले नेसनल बोर्डले राष्ट्रिय सचिवालयमा दर्ता गर्न सक्नेछ।

(छ) उल्लिखित १२ घण्टाको समय भन्दा पछि दर्ता हुन आएको कुनै पनि प्रस्तावलाई जरूरी प्रस्तावका रूपमा लिइने छैन।

(ज) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि एम्नेस्टी इन्टरनेसनलको कार्यसँग असम्बन्धित र संस्थाको मर्यादामा आँच आउने खालका कुनै पनि प्रस्तावलाई नेसनल बोर्डले साधारणसभाको छलफलको विषयको रूपमा समावेश गर्ने छैन।

## परिच्छेद-५
## योजना तथा प्रतिवेदन प्रस्तुति

**९. देहाय बमोजिमका प्रतिवेदनहरू देहाय बमोजिमका व्यक्तिहरूले तयार गरी प्रस्तुत गर्नु पर्नेछः**

(क) एम्नेस्टी नेपालको अपरेसनल प्लान (Operational Plan) अन्तर्गत सञ्चालन भएका गतिविधिहरूको वार्षिक प्रतिवेदन निर्देशक वा निजको अनुपस्थितिमा निजको जिम्मेवारी सम्हालेका वा नेसनल बोर्डले तोकेको व्यक्तिले प्रस्तुत गर्नेछन्। त्यस्तो प्रतिवेदनमा एम्नेस्टी नेपालले गत साल सम्पन्न गरेका र आगामी साल गर्ने लक्ष्य राखिएका विभिन्न कार्यक्रम समावेश हुनेछन्।

(ख) एम्नेस्टी नेपालको आर्थिक प्रतिवेदन नेसनल बोर्डका कोषाध्यक्ष वा निजको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्डका पदाधिकारीबाट प्रस्तुत हुनेछ। त्यस्तो प्रतिवेदनमा गत सालको आम्दानी, खर्च तथा चालु वर्षका लागि अनुमानित आय तथा खर्चको विवरण समावेश हुनुपर्नेछ।

(ग) नेसनल बोर्डका नीतिगत निर्णयहरूसम्बन्धी गतिविधिहरूको प्रतिवेदन नेसनल बोर्डका महासचिव वा नीजको अनुपस्थितिमा उपमहासचिवले प्रस्तुत गर्नेछन्।

(घ) एम्नेस्टी इन्टरनेसनलको रणनीतिक लक्ष्यमा आधारित भई नेसनल बोर्डले तयार गरेको National Strategic Plan नेसनल बोर्डद्वारा तोकिएको पदाधिकारीले प्रस्तुत गर्नेछन्।

## परिच्छेद-६
## प्रस्ताव माथिको छलफल र निर्णय

**१०. छलफलको प्रक्रियाः**

(क) नेसनल बोर्डका तर्फबाट प्रस्तुत प्रस्ताव साधारणसभाका अध्यक्षको अनुमतिले तोकिएको नेसनल बोर्ड पदाधिकारीले बैठकमा प्रस्तुत गर्नेछन्।

(ख) समूहका तर्फबाट प्रस्तुत प्रस्ताव सम्बन्धित समूह अवस्थित रहेको क्षेत्रबाट क्षेत्रीय प्रतिनिधिको रूपमा विधानको दफा १० (४) बमोजिम चयन भई सहभागी हुन आएका कोही एकजना प्रतिनिधिले पेश गर्नेछन्। तर त्यसरी समूहका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दा प्रस्तुतकर्ताले समूहबाट निर्णय भई आएको लिखित विवरण मात्र प्रस्तुत गर्नु पर्नेछ।

(ग) त्यसरी समूहबाट प्रस्तुत प्रस्तावमा साधारणसभाको कुनै प्रतिनिधिले संशोधन प्रस्ताव पेश गर्न चाहेमा एकजना प्रतिनिधिको समर्थन सहित संशोधन प्रस्ताव पेश गर्न सक्नेछन्।
तर त्यस्तो संशोधन प्रस्तावले मूल प्रस्तावको मर्म विपरीत भएमा मान्यता दिइनेछैन।

(घ) त्यसरी प्रस्तुत हुन आएको संशोधन प्रस्तावलाई मूल प्रस्ताव प्रस्तुतकर्ताले स्वीकार गरेमा सो संशोधित प्रस्तावलाई नै मूल प्रस्ताव मानिनेछ।
तर संशोधित प्रस्तावलाई प्रस्ताव प्रस्तुतकर्ताले स्वीकार नगरेमा मूल प्रस्ताव र संशोधित प्रस्ताव दुवै साधारणसभामा निर्णयार्थ पेश गरिनेछ।

(ङ) त्यस्तो मूल प्रस्ताव वा संशोधन प्रस्ताव प्रस्तुत गर्दा प्रस्तावकर्ताहरूलाई आ—आफ्नो प्रस्ताव वा संशोधनको औचित्य सिद्ध गर्नका लागि साधारणसभाका अध्यक्षले निश्चित समय तोकी मन्तव्य राख्ने मौका दिनेछन्। त्यसरी मन्तव्य राख्दा निजहरूले आफ्नो प्रस्ताव वा संशोधन फिर्ता लिन सक्नेछन्।

**११. निर्णयः**

(क) साधारणसभामा विधान संशोधन र अन्य कुनै असाधारण विषयहरू (जस्तो एम्नेस्टी नेपाल भंग गर्ने) जस्ता गम्भीर विषय बाहेक अन्य सामान्य विषयका प्रस्तावहरूको निर्णय साधारणसभामा उपस्थित सदस्यहरूको सामान्य बहुमतबाट हुनेछ। कुनै प्रस्ताव असाधारण प्रकृतिको भए नभएको निर्णय गर्ने अन्तिम अधिकार नेसनल बोर्डको हुनेछ।

(ख) प्रस्तावउपर मतदान हुँदा प्रतिनिधिहरूले आ-आफ्नो भोटिङ्ग कार्ड (Voting card) देखाई मत दिनुपर्नेछ।

(ग) प्रस्तावउपर भएको मतदानको गणना बैठकको अध्यक्षले गर्नेछन्। यसका लागि उनले गणकको सहयोग लिन सक्नेछन्।

(घ) मतदान हुँदा मत बराबर भएमा सभाको अध्यक्षको मत निर्णायक मानिनेछ।

## परिच्छेद-७
## नियम पालनासम्बन्धी प्रश्न तथा सूचनाको माग

### १२. नियमपालन सम्बन्धी प्रश्न (Points of Order):

(क) साधारणसभामा कुनै पनि प्रस्ताव उपर छलफल हुँदा सहभागी प्रतिनिधिहरूले नियमपालनसम्बन्धी प्रश्न उठाउन सक्नेछन्।

(ख) त्यस्तो नियमपालनसम्बन्धी प्रश्न सभाको सञ्चालन र छलफलको विषयसँग अनिवार्य रूपले सम्बन्धित हुनुपर्नेछ।
तर मतदानका समयमा मतदान प्रक्रियासँग सम्बन्धित विषयमा बाहेक अन्य विषयमा नियम पालनसम्बन्धी प्रश्न उठाउन पाइनेछैन।

(ग) निम्न विषयलाई प्रतिनिधिहरूले नियमपालनसम्बन्धी प्रश्नका रूपमा उठाउन सक्नेछन्।
- (अ) अध्यक्षलाई रूलिङ्ग (Ruling) गर्नका लागि अनुरोध।
- (आ) अध्यक्षको रूलिङ्ग (Ruling) माथि चुनौति दिने।
  तर यसका लागि अर्को प्रतिनिधिको समर्थन आवश्यक हुनेछ।
- (इ) कुनै प्रस्ताव उपर मतदान नगर्नका लागि।
- (ई) कुनै विषयवस्तुलाई नेसनल बोर्ड वा साधारणसभाको कुनै समितिमार्फत निरूपणका लागि पेश गर्नका लागि।

(घ) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए पनि कुनै विषयमा मतदान गर्ने, नगर्ने वा चाडै गर्ने सम्बन्धी विषयमा अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षको हुनेछ, जसका सम्बन्धमा चुनौति गर्न सकिनेछैन।
तर अध्यक्षले कुनै पनि विवादित विषयलाई अनिर्णित अवस्थामा भने राख्न सक्नेछैनन्।

### १३. सूचनाको माग (Points of information)

सभाका कुनै पनि सहभागीले अध्यक्ष वा वक्ता समक्ष सम्बन्धित विषयमा सूचनाको आग्रह गर्न सक्नेछ। तर त्यस्तो आग्रहले कुनै पनि तर्क प्रस्तुत गरेको मानिनेछैन।

## परिच्छेद-८
## मताधिकार र निर्वाचन

### १४. मताधिकारः

(क) एम्नेस्टी नेपालको वार्षिक साधारणसभाका प्रतिनिधिहरूलाई मात्र निर्वाचनमा मताधिकार रहनेछ।

(ख) मताधिकार प्राप्त प्रतिनिधिहरूलाई प्रतिनिधि भोटिंग कार्ड (voting card) उपलब्ध गराइनेछ।

(ग) प्रतिनिधिहरूलाई उपलब्ध गराइने भोटिंग कार्ड (voting card) मा क्रमसंख्या, साधारणसभा सदस्य दर्ता पुस्तिकाको दर्ता नम्बर र प्रतिनिधिको नाम, फोटो राखी प्रतिनिधि र अध्यक्षको सही समेत गराई उपलब्ध गराइनेछ।

(घ) कुनै प्रतिनिधिले परिचयपत्र हराएमा दर्ता पुस्तिकाका आधारमा अध्यक्षले परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउन सक्नेछन्।
तर निर्वाचनमा मतदानको कार्य प्रारम्भ भइसकेको अवस्थामा भने परिचय पत्रको प्रतिलिपि उपलब्ध गराउने अधिकार निर्वाचन अधिकृतलाई मात्र हुनेछ।

(ङ) कुनै प्रतिनिधिले आफ्नो परिचयपत्र अरू कसैलाई उपलब्ध गराई अधिकारको दुरूपयोग गरेको पाइएमा साधारणसभामा निजको प्रतिनिधिको हैसियत समाप्त हुनेछ। यसरी प्रतिनिधिको हैसियत समाप्त भएको घोषणा गर्ने अधिकार निर्वाचनका समयमा निर्वाचन अधिकृतको र अन्य अवस्थामा साधारणसभाका अध्यक्षको हुनेछ। यसरी प्रतिनिधिको हैसियत समाप्त भएको ठहर गर्नु अघि निजलाई सफाइको मौकाबाट भने बन्चित गरिने छैन।

## १५. निर्वाचनः

(क) एम्नेस्टी नेपालको नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि एवं पुनरावेदन समितिको नियमित निर्वाचन साधारण सभाबाट गरिनेछ। कुनै पद रिक्त भई पदपूर्ति गर्नु पर्ने अवस्थामा वा अविश्वासको प्रस्ताव पारित भई नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समिति विघटन भई नयाँ समिति गठन गर्नु पर्ने अवस्थामा आकस्मिक साधारण सभा वा विशेष साधारण सभाबाट पनि नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको निर्वाचन गर्न सकिनेछ।

(ख) नेसनल बोड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको निर्वाचन एम्नेस्टी नेपालको विधान बमोजिम प्रजातान्त्रिक प्रक्रियाका आधारमा एक व्यक्ति एक मत अनुरूप गोप्य मतदान प्रक्रियाबाट हुनेछ।

(ग) नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचनका लागि नेसनल बोर्डले साधारण सभा बैठक हुनु भन्दा ४५ दिन अगाडि एक निर्वाचन अधिकृत नियुक्त गर्नेछ।

(घ) निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य निर्वाचन अधिकृतले गणकहरूको सहयोगमा पूरा गर्नेछन्।

(ङ) साधारण सभाबाट नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि र पुनरावेदन समितिका निम्नानुसारका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन हुनेछ।

<u>नेसनल बोर्ड</u>

(क) अध्यक्ष १ जना
(ख) कोषाध्यक्ष १ जना
(ग) सदस्यहरू ९ जना (कम्तिमा तीन जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला)।

<u>नोमिनेसन कमिटि</u>

(क) संयोजक १ जना
(ख) कम्तिमा १ जना महिलासहित २ जना सदस्य

<u>प्रेपरेटोरी कमिटि (प्रेपकम)</u>

(क) कम्तिमा एकजना महिला सहिता २ जना सदस्य

<u>पुनरावेदन समिति</u>

(क) संयोजक १ जना
(ख) कम्तिमा १ जना महिलासहित २ जना सदस्य

**नोटः** यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार यस नियमावलीको नियम नं. ४ को (१) (ग) अर्थात एम्नेस्टी नेपालको विधानको दफा ९.३. (१) (ग) बमोजिम साधारण सभामा सहभागिता जनाएका प्रतिनिधिहरूलाई रहनेछ।

(च) कुनै पदमा उम्मेदवार हुन चाहने विधानबमोजिम योग्यता पुगेका समूह र युथ नेटवर्क सदस्यले आफ्नो समूह वा युथनेटवर्कबाट सो पदमा उम्मेदवार हुनको लागि सिफारिस प्राप्त गरेको हुनु पर्नेछ। एउटा समूह वा युथनेटवर्कले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ। उम्मेदवारी दिन चाहने व्यक्तिगत सदस्यले नेसनल बोर्ड, प्रेपकम, नोमिनेसन कमिटि वा पुनरावेदन समितिका विभिन्न पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिन सक्नेछ। यसरी उम्मेदवारी दिने जोसुकैले एम्नेस्टी नेपालको सदस्यता लिएको कम्तिमा एक वर्ष पूरा भएको हुनुपर्छ।

**स्पष्टीकरणः** आफ्नो समूह वा युथ नेटवर्क भन्नाले कुनै व्यक्तिको मनोनयन हुँदाको अवस्थामा सो समूह वा युथनेटवर्कको सदस्य रहेको व्यक्ति हुनु पर्नेछ। समूह वा युथनेटवर्कअन्तर्गतका सदस्यले उक्त सदस्यताको अवधि समाप्त नभई व्यक्तिगत सदस्यता लिन मिल्ने छैन। साथै तोकिए बमोजिमको रित पूरा गरी नोमिनेसन कमिटीले सिफारिस गरेको व्यक्तिले पनि उम्मेदवारी दिन सक्नेछ।

(छ) राष्ट्रिय सचिवालयका कर्मचारी र नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरूलाई उम्मेदवारी दिने अधिकार हुनेछैन।

(ज) नोमिनेसन कमिटीले साधारणसभा प्रारम्भ हुनुभन्दा कम्तिमा तीन महिना अगाडिबाट आफ्नो काम थाल्नेछ। एम्नेस्टी नेपालको नेसनल बोर्ड र पुनरावेदन समितिमा उम्मेदवार बन्न चाहने समूह तथा युथनेटवर्कका सदस्य र अन्य सदस्यहरूले उक्त कमिटिसमक्ष तोकिएको प्रावधान पूरा गरी आफ्नो चाहना पत्र पेश गर्नुपर्नेछ। कमिटीले काम थालेको डेढ महिना भित्र त्यसरी आएका चाहनापत्रका बारेमा आफ्नो सिफारिस सहितको प्रतिवेदन निर्वाचन समितिलाई पेश गर्नेछ। समूह र युथनेटवर्कमार्फत् सदस्य बनेकाहरूले चाहना पत्रमा समूह र युथनेटवर्कको सिफारिस अनिवार्य राख्नुपर्नेछ। व्यक्तिगत सदस्यहरूको क्लस्टरबाट इच्छापत्र जाहेर गर्नेले रितपूर्वक फारम भरी सचिवालयमा दर्ता गराई नोमिनेसन कमिटिद्वारा तोकिएको छानबिन (vetting) प्रकृया पार गरेको हुनुपर्नेछ। तोकिएको समयभित्र राष्ट्रिय सचिवालयमा उम्मेदवार वा समूहका प्रतिनिधि उपस्थित भई वा इमेलको माध्यामबाट उम्मेदवारीलाई विधिवत दर्ता गराउनु पर्नेछ। रीतपूर्वक नभरिएको वा तोकिएको समय भन्दा पछि प्राप्त भएका मनोनयन पत्रहरूले मान्यता पाउने छैनन्।

(झ) उम्मेदवारी मनोनयन पत्रकासाथ तोकिएको ढाँचामा उम्मेदवारको एक पेजको व्यक्तिगत विवरण (Curriculum vitae) का साथै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेतृत्वदायी भूमिकामा आउन चाहनुको कारण, व्यक्तिगत प्रतिबद्धता तथा संस्थाको लागि आफूले लिएको परिदृष्य र लक्ष्यसमेत समावेश गरिएको बढीमा एक पेजको आवेदन पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरणमा उल्लेख गरेअनुसारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ। त्यसरी सचिवालयमा दर्ता भएको उम्मेदवारहरूको मनोनयनको जानकारी सचिवालयले साधारणसभा भन्दा १५ दिन अगावै सबै सदस्य तथा साधारण सभाका प्रतिनिधिहरूमा पठाउनु पर्नेछ।

(ञ) निर्वाचन प्रयोजनका लागि साधारणसभा आयोजनास्थलमै निर्वाचन अधिकृतको कार्यालय रहनेछ।

(ट) निर्वाचन अधिकृतले राष्ट्रिय सचिवालयका कर्मचारी तथा गणकहरूको सहायता लिई मतदाता तथा उम्मेदवारको नामावली प्रकाशन गर्नुका साथै नाम फिर्ता, दावी विरोध, अन्तिम नामावली प्रकाशन लगायत मतदानसम्बन्धी कार्यक्रम प्रकाशित गरी सोही कार्यक्रमअनुसार यो नियमावलीको अधीनमा रही निर्वाचन सम्पन्न गर्नेछन्।

(ठ) राष्ट्रिय सचिवालयका कर्मचारीहरूले निर्वाचन अधिकृतको काममा सहयोग गर्नेछन् र निर्वाचनको विषयमा निष्पक्ष रहनेछन्।

(ड) प्रत्येक पदका उम्मेदवारलाई साधारणसभाको प्रारम्भिक सत्रमा बढीमा ५ मिनेटका दरले मन्तव्य व्यक्त गर्ने अवसर दिइनेछ। यस्तो मन्तव्य प्रकट गर्दा कसैप्रति लाञ्छना लगाउन, संस्था प्रति अनास्था प्रकट गर्ने वक्तव्य दिन तथा झुठा आश्वासन दिन पाइने छैन।

(ढ) निर्वाचनमा प्रत्येक पदका लागि अलग अलग मत पत्र (ballot paper) राखिनेछ र प्रत्येक मताधिकार प्राप्त प्रतिनिधिहरूलाई प्रतिनिधि परिचयपत्रका आधारमा मतपत्र उपलब्ध गराइनेछ।

(ण) मतदान वा मतगणनाका समयमा निगरानी गर्नको लागि उम्मेदवारहरूले आफैं बस्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछन्।

(त) मतपत्रमा नेपाली वर्णानुक्रम अनुसार उम्मेदवारहरूको नाम अंकित हुनेछ।

(थ) मतदाताले मतदान गर्दा उम्मेदवारको नाम अगाडि दिइएको कोष्ठमा ☑ चिन्ह लगाई मतदान गर्नुपर्नेछ।

(द) मतदान गर्दा तोकिएबमोजिमको पद तथा संख्यामा अनिवार्य मत प्रदान गर्नुपर्नेछ। निर्वाचित हुनुपर्ने भन्दा कम वा बढी उम्मेदवारलाई मतदान गरेमा त्यस्तो मतपत्र बदर हुनेछ।

(ध) मतदानको कार्य सम्पन्न हुनासाथ उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा निर्वाचन अधिकृतले आवश्यकताअनुसार अन्य कर्मचारी र गणकहरूको सहायता लिई मतगणना गर्नेछन्।

(न) नेसनल बोर्डको अध्यक्ष र कोषाध्यक्षमा अधिकतम मत ल्याउने एक एक जना र सदस्यमा नौ जना (न्यूनतम ३ जना महिला र दुई जना युथ नेटवर्कको प्रतिनिधित्व हुनेगरी उम्मेदवारी दिएका कम्तिमा दुई जना युवा बोर्ड सदस्य जसमा अनिवार्य एक जना महिला सदस्य) अधिकतम मत ल्याउने उम्मेदवारलाई निर्वाचित घोषित गरिनेछ। त्यसैगरी पुनरावेदन समिति र नोमिनेसन कमिटिका संयोजक, कम्तिमा एक महिला सहित दुई सदस्य तथा प्रेपकमको कम्तिमा एकजना महिलासहित दुई सदस्य पदमा सर्वाधिक मत हासिल गर्नेलाई निर्वाचित घोषित गरिनेछ।

(प) कुनै पदमा मत बराबरी भएमा मत बराबर हुने उम्मेदवारहरूका बीच गोला प्रथाद्वारा निर्णय लिइनेछ।

(फ) निर्वाचन वा मतगणना सम्बन्धमा कुनै विवाद भएमा निर्वाचन अधिकृत र गणकहरू सम्मिलित समितिको निर्णय अन्तिम मानिनेछ।

(ब) नवीकरण नगरिएका र निर्धारित समयमा आफ्नो साधारण सभा सम्पन्न नगरेका तथा सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता नजनाएका समूह र युथ नेटवर्कले निर्वाचनका लागि मनोनयन गर्न पाउने छैनन्। निर्धारित समयमा नवीकरण वा साधारणसभा नगर्ने र सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता नजनाउने समूह वा युथ नेटवर्कको तर्फबाट कोही उम्मेदवार भएको अवस्थामा निजको उम्मेदवारी अमान्य हुनेछ।

## परिच्छेद-९
## नियमावलीको संशोधन

### १६. नियमावली संशोधनको प्रस्ताव

(क) नेसनल बोर्डले यो नियमावली संशोधन गर्न आवश्यक देखेमा आवश्यक संशोधन गरी साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ।

(ख) कुनै मान्यताप्राप्त समूह वा युथ नेटवर्कले यो नियमावलीमा संशोधन गराउन चाहेमा यसै नियमावलीको परिच्छेद ४ बमोजिम छलफलका विषयहरूमा समावेश गरी गराई संशोधन प्रस्ताव ल्याउन सक्नेछन्।

## १७. संशोधन भएको मानिने

(क) नेसनल बोर्डबाट गरिएको संशोधन साधारणसभाबाट अनुमोदन भएपश्चात् र समूहबाट प्रस्तावित संशोधन साधारणसभामा उपस्थित प्रतिनिधिहरूको बहुमतले पारित गरेमा यो नियमावलीमा संशोधन भएको मानिनेछ।

(ख) पारित संशोधन तुरुन्तै लागू हुनेछ।

## १८. खारेजी तथा बचाऊः

(क) एम्नेस्टी नेपाल राष्ट्रिय परिषद नियमावली, २०५५ खारेज गरिएको छ।

(ख) एम्नेस्टी इन्टरनेसनल नेपालको साधारणसभा नियमावली, २०६२ प्रारम्भ हुनु अघि भए गरेका काम कारबाही यसै नियमावली अनुरूप भए गरेको मानिने छ।

♣ **समाप्त** ♣